# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५४) काठमाडौं, चैत २ गते २०६१ साल (अतिरिक्ताङ्क ६० (ख)


## भाग ३

### निर्वाचन आयोगको

### सूचना १

निर्वाचन आयोगले मतदाता नामावली सम्बन्धी नियमावली, २०५२ को नियम २० ले दिएको अधिकार प्रयोग गरी २०६१ साल चैत्र मसान्तसम्ममा १८ वर्ष उमेर पूरा भई कानूनबमोजिम मतदाता हुन योग्य नेपाली नागरिकको मौजूदा मतदाता नामावली अद्यावधिक गर्न एवं मोरङ्ग, मकवानपुर, कास्की, बाँके, कैलाली र काठमाडौं जिल्लाको काठमाड़ौं महानगरपालिकाको सम्पूर्ण वडाहरूमा संकलित पारिवारिक लगत विवरण समेत अद्यावधिक गर्न यो आदेश जारी गरेको छ ।

### सूचना २

निर्वाचन आयोगले मतदाता नामावली सम्बन्धी नियमावली, २०५२ को नियम ३ को उप नियम (४) को प्रयोजनको लागि २०६१ साल चैत्र मसान्तसम्ममा १८ वर्ष उमेर पूरा भई कानूनबमोजिम मतदाता हुन योग्य नेपाली नागरिक स्वयं वा निजको परिवारका सदस्यले नियमानुसार मतदाताको नाम र अन्य विवरण संकलन गराउन वा अद्यावधिक गराउनु पर्ने गरी तोकेको छ ।

### सूचना ३

निर्वाचन आयोगले मतदाता नामावलीसम्बन्धी ऐन, २०५२ को दफा ३को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी मतदाता नामावली, २०५२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि लागू हुनेछ।

नियम ३ को उपनियम (१) को प्रयोजनको लागि २०६१ साल चैत्र मसान्तसम्ममा १८ वर्ष उमेर पूरा भई कानूनबमोजिम मतदाता हुन योग्य नेपाली नागरिकहरूको नाम तथा अन्य विवरण समावेश गरी मतदाता नामावली तयार गर्न वा मौजूदा मतदाता नामावली अद्यावधिक गर्न नेपाल अधिराज्यका पचहत्तर जिल्लाहरूमा तत्-तत जिल्ला निर्वाचन कार्यालयका जिल्ला निर्वाचनअधिकारीलाई प्रमुख नामदर्ता अधिकारी र जिल्ला निर्वाचन कार्यालयका वरिष्ठ नायवसुब्बालाई नामदर्ता अधिकारी तोकेको छ ।

## सूचना ४

निर्वाचन आयोगले मतदाता नामावली सम्बन्धी ऐन, २०५२ को दफा ३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी मतदाता नामावली सम्बन्धी नियमावली, २०५२ को नियम ३ को उप नियम (२) को प्रयोजनको लागि २०६१ साल चैत्र मसान्तसम्ममा १८ वर्ष उमेर पूरा भई कानूनबमोजिम मतदाता हुन योग्य नेपाली नागरीकहरूको नाम संकलन गर्न वा मौजूदा मतदाता नामावली अद्यावधिक गर्न र मतदाता नामावली प्रकाशन गर्न तथा तत्सम्बन्धी अन्य काम गर्ने प्रयोजनको लागि प्रत्येक गाउँ विकास समितिका लागि सोही गाउँ विकास समितिको सचिवलाई र प्रत्येक महानगरपालिका, उप-महानगरपालिका वा नगरपालिकाको वडाको लागि सोही वडा कार्यालयको सचिवलाई सहायक नामदर्ता अधिकारी तोकेको छ ।

कुनै गाउँ विकास समितिमा सचिवको पद रिक्त रहेकोमा जिल्ला विकास समितिसंग र नगरपालिकाको कुनै वडा सचिवको पद रिक्त रहेकोमा नगरपालिकासंग सम्पर्क र समन्वय गरी सम्बन्धित प्रमुख नामदर्ता अधिकारीले सोही कार्यालयका समानस्तरका अन्य कर्मचारीलाई सहायक नामदर्ता अधिकारीको रूपमा नियुक्त गरी काममा लगाउन सक्ने छ । सो बमोजिमको कर्मचारीसमेत नभएको अवस्थामा अन्य सरकारी कार्यालय वा श्री ५ को सरकारको स्वामित्व भएका स्वशासित संस्था (संस्थान वा समिति) का खरिदारस्तरका वा सो नभए सो भन्दा एक तह तलमाथिका कर्मचारीलाई नियुक्त गरी आवश्यकता अनुसार नाम संकलन वा मतदाता नामावली अद्यावधिक गर्ने वा तत्सम्बन्धी अन्य काममा लगाउन सक्नेछ ।

आज्ञाले,
सुवर्णलाल श्रेष्ठ
(२) निर्वाचन आयोगको का. मु. सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.५।-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।